परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४ २०८१ श्रावण २७ आईतवार Sunday 11, AUG 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## १८ वटा जातिय संस्थाहरुद्धारा ३० औं विश्व आदिवासी दिवस भव्यताका साथ सम्पन्न




३० औं विश्व आदीवासी जनजाति दिवसको अवसरमा गरिएको कार्यक्रमका प्रमुख अतिथी अतिथीहरु । तस्वीर : राजेश राजवंशी

विराटनगर । अठारवटा जातिय संस्थाहरु द्वारा विराटनगरमा विभिन्न कार्यक्रम आयोजना गरी ३० औं विश्व आदिवासी जनजाति दिवस भव्यताका साथ सम्पन्न गरको छ ।

विराटनगर महानगरपालिका भित्रका १८ वटा जातिय सामुदायले आफ्नो जातिय पोशकमा सजिएर झाँकी सहित विराटनगरको मारवडी सामुदायि भवन अगाडी भेला भएर निकालिएको र्यालीले नगरको विभिन्न भागको परिक्रमा गर्दै संगम पार्टी प्यालेसमा पुगेर विविन्न कार्यक्रमहरु गरेका थिए ।

आयोजित कार्यक्रममा जनजाति समुदायका अगुवा तथा अभियन्ताहरुले विश्वका आदिवासी जनजातिको एकता, ज्ञान सीप, भाषा, भेषभूषा, संस्कृति र परम्पराको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए । संयुक्त राष्ट्रसङ्घले सन् १९९४ को अगष्ट ९ देखि विश्व आदिवासी दिवस मनाउन सुरु गरेको थियो । त्यसयता आदिवासीहरुले वर्षेनि यो दिवस मनाउँदै आएका छन् ।

नेपाल आदिवासी जनजाति महासंघ विराटनगर नगर समितिको अध्यक्ष सुरेश सिंह गनगाईका अध्यक्षतामा सम्पन्न भएको थियो ।

## नहर सफाई नहुँदा कृषकहरु सिंचाई गर्नबाट बंचित

विराटनगर । सुनसरी मोरंग सिंचाई आयोजना अन्तर्गत रहेका साना-ठूला नहरहरु सरसफाई नहुँदा किसानहरु सिंचाई गर्नवाट बंचित भएका छन् ।

आयोजनाले नहर सरसफाईको नाममा लाखौं रुपैयाँ निकासा गरी जल उपभोक्ता समिति मार्फत खर्च गरको भएता पनि नहर सरसफाई नभएको स्थानीय किसानहरुले आरोप लगाएका छन् ।

खासगरी मोरंगको दक्षिणी भेग, ग्रामथान, बुढीगंगा कटहरी, धनपालथान, जहदा गाउँपालिका र रंगेली, सुनवर्षि नगरपालिका लगाायतका नहर अहिले सम्म सरसफाई भएको छैन् । नहर सरसफाई नभएका कारण सिंचाई गर्न अप्ठ्यारो भएको कृषक भानु श्रेष्ठले गुनासो गरेको छ ।

मोरंगका कृषकहरुले अकाशे पानीको भरमा ९५ प्रतिशत धान खेती लगाएका छन् । अकाशे पानीको भरले किसानहरु धानखेति त गरेका छन् । तर पानी परिदिएन भने किसानहरुले धानखेती गर्न लगाएको लगानी बलुवामा पानि हाले सरह हुन सकिने सम्भावना बढ्दै गएको छ ।

सुनसरी मोरङ सिंचाई आयोजनाले जलउपभोक्ता मार्फत लाखौं रुपैयाँ नहर सरसफाईको नाममा खर्च भएको देखाउँछन तर नहर कहिले पनि सरसफाई गरेको अर्का कृषक दिनकर राजवंशी ले वताए ।

वहांका अनुसार किसानले पानीपोत तिर्छन तर खेतामा समयमा पानी आउँदैन समय वितेपछि अनावश्यक पानी आएर किसानले लगाएको वालीमात्र नोक्सान गर्दछन् ।

नहर सरसफाईमा थोरै रकम भएकोले महादेवकोल शाखाले २ सय मिटर नरहरको सरसफाई को काम भएको छ । काम गरेको बजेट पनि निकासा नभएको र बजेट पनि थोरै भएकोले नरहरको सरसफाई काम नभएको सुनसरी मोरङ सिंचाई आयोजना महादेव

वांकी अन्तिम पेजमा...

## आरतीका लागि सहयोग गर्न प्रदेश सरकार तयार

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगवरको पूर्वमा रहेको सिंघिया नदी शूरु भएको आरतीले नेपाली समुदाय बीच सद्भावको संदेश प्रभाव भएको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले वताएका छन् ।


विपद, बस दुर्घटना, सौर्य एयरलाइन्स र डाईनेष्टी एयर दुर्घटनामा ज्यान गुमाएकाहरुको सम्झनामा विराटनगर-१ परोपकारधाममा शुक्रबार साँझ देखि शुरु गरिएको सिंघिया नदि आरतीको शुभारम्भ गर्दै उहाँले प्रदेश सरकारले यो आरती ३६५ दिन नियमित सञ्चालनका लागि आवश्यक सहयोग प्रदान गर्ने प्रतिवद्धता समेत जाहेर गरेका थिए ।

मुख्यमन्त्री कार्कीले परोपकार धाम घाटको आवश्यक जीर्णोद्धार एवं थप भौतिक पूर्वाधार निर्माण गर्न प्रदेश र स्थानीय सरकारले सहयोग गर्ने बताउँदै यस क्षेत्रमा आरती सञ्चालनले धार्मिक पर्यटकको आगमनमा समेत वृद्धि हुने विश्वास व्यक्त गरेका थिए । धाममा शुक्रबार देखि सोमबारसम्म हरेक दिन साँझ ५:३० वजे आरतीको कार्यक्रम हुनेछ ।

चार दिनको महाआरती कार्यक्रम पछि हरेक शुक्रबार साँझ नियमित रुपमा आरती कार्यक्रम गरिनेछ । विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइराला सहित विराटनगका विभिन्न वडाका वडाअध्यक्ष, कटहरी, वुढीगंगा, ग्रामथान गाउँपालिका र छिमेकी भारतीय सहरका धर्मावलम्वी हरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

४५ मिनेटको आरती कार्यक्रमका लागि १५० महिला भजन मण्डलीको सहभागी रहेका थिए । सिंघिया आरती कार्यक्रमका लागि पण्डित गोकुल भण्डारीको नेतृत्वमा पाँच जनाले नियमित अभ्यास गरेका थिए । आरती सेवा सञ्चालनका लागि २५१ सदस्यीय मुल समारोह समिति गठन गरिएको छ ।



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नहर...

कोलका अध्यक्ष सुजित चौधरीको भनाई छ ।

आयोजनाका सुचना अधिकारी कुमार घिमिरेसंग शाखाहरु मार्फत गरिएको काम र त्यसमा खर्च भएको बजेटको विवरण माग गर्दा सबै विवरण म संग हाल सम्म नआएकोले केही समय पछि विवरण उपलब्ध वताए । घिमिरे आयोजनामा लामो समयदेखि कामगर्दै आएका छन् । पावर र पहुँच भएकै कारण लामो सयम सम्म एउटै कार्यालयमा बसि रहेको आन्दानी पनि राम्रै गरेको स्रोतको दावी छ ।

मोरङको दक्षिणी भेगका ६५ हजार ७० हेक्टर जमीनमा किसानहरुले नहरको पानी प्रयोग गरी सिचाई गर्दै आएका थिए । अहिले उनीहरु पानी प्रयोग गर्नबाट बन्चित भएका छन् ।

## एम्बुलेन्स प्रदान

पथरीशनिश्चरे । इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अमेरिकाले पथरीशनिश्चरे नगर अस्पताल लाई एम्बुलेन्स प्रदान गरेको छ ।

उक्त एम्बुलेन्स सोमबार विधिवत रुपमा उद्घाटन गरी सञ्चालनमा ल्याइएको छ । पथरी शनिश्चरे नगगरपालिका परिसरमा नगर प्रमुख मोहन प्रसाद तुम्वापोले रिवन काटेर चाबी चालकलाई प्रदान गरी एम्वुलेन्स सञ्चालनमा ल्याएको थियो ।

सो कार्यक्रममा नगरका स्वास्थ्य शाखा प्रमुख मुरारी आचार्य, इन्ट्रा फाउण्डेसन नेपालका संयोजक राम बानिया, वडा अध्यक्षहरू नैना राई, लोककिरण न्यौपाने, वीरबहादुर राई र नगर खेलकुद विकास समितिको संयोजक दीपक राईको उपस्थिति रहेको थियो ।

## क्रान्तीकारीको कमेटी गठन

विराटनगर । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन क्रान्तिकारी पथरी बहुमुखी क्याम्पस इकाइ कमिटीको सम्मेलनबाट प्रितिका भट्टराईको अध्यक्षतामा ३५ सदस्यीय कमिटी गठन भएको छ ।

बुधबार क्याम्पस परिसरमा सम्पन्न अधिवेशनले कमिटीको उपाध्यक्षद्वय राज लोहार, विमला पोखरेल, सचिवमा कृतिका खनाल, सह-सचिवमाद्वय हिमाल सिन्चुरी समिर, निशान दुलाल र कोषाध्यक्षमा सजिना सेन्चुरी चयन भएका छन् ।

समितिको सदस्यमा पल याख्वा, प्रशान्त तामाङ, जीवन चौहान, अस्मिता खतिवडा, ममता तामाङ रहेका छन् । यसैगरी, विनोद मगर, अञ्जली तामाङ, सरगम लिम्बु, अमिशा मगर, आयुश पराजुली, कृष विश्वकर्मा, संजोग खतिवडा, विपिन सुबेदी, नविन थापा, मनिष ठाकुर रहेका छन् । अन्य सदस्यहरुमा क्षितिज विश्वकर्मा, प्रश्ना खरेल, संप्रेश रिजाल, रसिम श्रेष्ठ, एलन तामाङ, अस्मि खरेल, निर्जल कार्की, मविन योञ्जन, सोना गजमेर, विपिसा पौडेल र विद्या पौडेल रहेका छन् । बाँकी २ सदस्य पछि थप गरिने जनाइएको छ ।

खगिन मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि अखिल क्रान्तिकारी प्रदेश अध्यक्ष हेमन्त राई, विशिष्ठ अतिथि माओवादी केन्द्र पथरीशनिश्चरे नगर कमिटी अध्यक्ष गोविन्द कट्वाल, अतिथि अखिल क्रान्तिकारी जिल्ला अध्यक्ष नगेन्द्र घिमिरेलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा वाइसिएल केन्द्रीय सदस्य अनु राई, नेकपा माओवादी विद्यार्थी, युवा तथा खेलकुद नगर फ्याक्सन इन्चार्ज राजकुमार विश्वकर्मा सरोज किराँती लगायतको उपस्थिति रहेको थियो ।

## एन आई टी कलेजमा निःशुल्क शिविर



विराटनगर । नेशनल ईन्स्टिच्युट अफ टेक्नोलॉजी ( एन आई टी ) कलेजमा निःशुल्क स्वास्थ्य आँखा परिक्षण र स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ ।

उक्त शिविरमा १ सय ५५ जनाले आँखा र स्वास्थ्य परिक्षण गराएका थिए । त्यस मध्ये ४४ जनाले डाईविटीज (सुगर) परिक्षण समेत गराएका थिए ।

आँखा परिक्षणमा हिमाल आंखा अस्पतालका डाक्टर सहित प्रविधिक टोलीले सहयोग गरेका थिए । त्यसैगरी एन आई टी कालेजले स्वास्थ्य परीक्षण र सन्चो रिफरेन्स ल्याबोरेटरी बिराटनगरले गरेका थिए ।

शिविरको शुभारम्भ बरिष्ठ जेष्ठ नागरिक बुच झाले रिबन काटेर गरेका थिए । शिविर विराटनगर महानगरपालिका वडा नं. ४ का अध्यक्ष जीतन थापाको प्रमुख आतिथ्यमा भएको थियो ।

समाज एवम् कार्यक्रमका अध्यक्ष लोकेन्द्र कार्कीले स्वस्थ्य शिविरमा सहयोग गर्ने संस्था र डाक्टर लगायत प्राविधिक टोली र स्वस्थ्य परिक्षणका लागि आएका सबैमा धन्यवाद ज्ञापन गर्दै शिविर समापन गरेका थिए ।

## लागुऔषध कारोवारी १० जना पक्राउ

बिराटनगर । मोरङ र सुनसरीबाट लागुऔषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार सुनसरीको दुहवी ५ स्थितमा सिआरभी दुहवीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बा. ५७ प १२२४ नम्बरको मोटरसाईकल चालक धनकुटा साँगुरीगढी(९का २३ बर्षिय राम बहादुर राईलाई ३९ किलो१०० ग्राम गाँजा सहित पक्राउ गरेको थिया ।

इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान(५ का ३० बर्षीय बसन तामाङ र २६ बर्षीय रुपेश तामाङलाई ७०० मिलिग्राम ब्राउन सुगर र धरान (५ का १७ वर्षिय अभिष राई, ३० वर्षिय जुसन राईलाई निषेधित औषधी कोलिवान २१०० ट्याव्लेट सहित पक्राउ गरेको छ र प्रहरी चौकी सिसुवाधरमपुरले गढी गाउपालिका(६ का ३२ बर्षीय रमेश सरदारलाई निषेधित औषधी नाईट्रोभेट २० ट्याव्लेट सहति पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङको ईलाका प्रहरी कार्यालय पथरीले पथरी शनिश्चरे नगरपालिका १ का २ बर्षीय सुजन गुरुङ, १८ बर्षीय सावाहाङ राई, १९ बर्षीय सुसाङ लिम्बु र ४५ वर्षिय भानु लिम्बुलाई १ ग्राम ३२० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको छ ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।


## डेंगीबाट बचौं र बचाऔं

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांसपेशीहरूमा असाह्य पिडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अध्याधिक टाँउका दुख्नु ।
- शरिरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुन ।

यस्ता लक्षणहरू देखा परेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थय कर्मीहरूको सल्लाह लिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जतातनै फोहोरमैला नफालौं ।

## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरौ। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं । सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अबरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं ।

खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# बंगलादेशबाट सिक्नुपर्ने पाठ

सार्क राष्ट्रहरु भित्र पर्ने बंगला देशका प्रधानमन्त्री शेख हसिना बाजेदले आफ्नो पदवाट राजीनामा दिएर छिमेकी देश भारतमा शरण लिन पुगेको छ। २०२४ को जनवारीमा भएको चुनावमा बहुमत प्राप्त गरेको थियो। आम जनताले दिएको मतका कदर नगर्दा सात महिना नवितदै सत्ता छोडेर देश वाहिर जानु पऱ्यो। त्यसमा प्रभाव नेपालमा पनि पर्ने सक्ने विभिन्न सोसल मिडियाहरुबाट व्यक्त भई रहको छ। त्यसको प्रभाववाट बच्न नेपालमा भएका राजनीतिक दलहरुले समेत आमुल परिर्वतन गर्नु पर्ने अन्यथा बंगला देशकै हाल हुने चर्चाको विषय बनेको छ।

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था यस्तो व्यवस्था हो जसमा जनताको छोरा-छोरी जनताको मतबाट चुनिएर गएका जनप्रतिनिधीहरुले शासन व्यस्था चलाउन पाउँछ। तर त्यही जनताको छोरा-छोरी जनताको अभिमतलाई कदर नगरी जनताको खुन पसीनावाट तिरको करमा रजाई गर्ने, हरेका विकास निर्माको कार्यमा कमीसन लिने, व्यक्तिवाद, जातिवाद र परिवार वाद हावि भएमा त्यहाँ विद्रोह हुन्छ। बंगला देशमा भएको त्यही हो।

मतादेशको आडमा जनमतको अपमान र दमन होइन भन्ने सन्देश बंगलादेशमा विगत एक महिनादेखि जारी जनविद्रोहले दिएको छ। लगातार १५ वर्षदेखि शासन सत्तामा एकछत्र राज गरेकी हसिनाले महिना दिनअघि सुरु विद्यार्थी आन्दोलनलाई सम्बोधन गर्नु साटो दमन गर्दा नै देश छाडेर सोमवार ५ अगष्ट भारत पुग्नु पऱ्यो। त्यसैले नेपालको राजनीतिक दलका नेताहरुले बंगला देशवाट सिक्नु पर्ने पाठ भनेको जनताको मतका कदर गर्नु हो। यदि जनताको मतको कदर नेपालमा पनि गर्न सकेन भने त्यही हाल नेपालको नेताहरुलाई हुँदैन भन्न सकिन्न। त्यसैले जनताले चाहेको अमनचैन, सुशासनसहित विधिको व्यवस्था चलाउनु पर्ने देखिन्छ।

# जनविद्रोहले ढलेको वंशवाद

सन् १९४८ मा बेलायतबाट स्वाधीनता हासिल गर्दा श्रीलंका एशियाकै एक नमूना मुलुकको रूपमा गनिन्थ्यो। चिया, पर्यटन, रबर, नरिवल, मसला, रत्न उद्योग अर्थतन्त्रका बलियो आधार थिए। वैदेशिक रोजगारी र विप्रेषण विदेशी मुद्रा आर्जनको मुख्य स्रोत थियो। एसियाली विकसित मुलुकको अग्रस्थानमा श्रीलंकाको नाम आउँथ्यो।

श्रीलंकन विद्रोह

साक्षरता दर दक्षिणएशियाकै उच्च र विश्वकै उच्चमध्ये एक करिब ९३ प्रतिशत पुगेको थियो। प्रतिव्यक्ति आय करिब ४ हजार डलर पुगेको थियो, जुन दक्षिणी एशियाली देशमा माल्दिभ्सपछिको दोस्रो उच्च थियो। श्रीलंकन अर्थतन्त्रको बलियो आधारस्तम्भ पर्यटन उद्योग थियो। कुल गार्हस्थ्य उत्पादनको औसत १० प्रतिशत पर्यटनको योगदान हुन्थ्यो। कोभिड-१९ अघि सन् २०१९ मा यस्तो योगदान १२.५ प्रतिशतसम्म पुगेको थियो।

तर, सन् २०२१ को अप्रिल पछाडि ठूलो आर्थिक संकट भोग्नु पऱ्यो। दैनिक उपभोग्य वस्तुको पसलमा लामा लाइन देखिन थाले, मूल्य आकाशियो। १२-१३ घण्टा लोडसेडिङ हुन थाल्यो। पेट्रोल र डिजलको लागि यस्तो लडाइँ हुन्छ कि पम्पहरूमा सेना नै तैनाथ गर्नुपऱ्यो। इन्धन अभावले यातायात प्रणाली अस्तव्यस्त बन्यो, विद्यालयहरू बन्द नै गर्नुपऱ्यो।

तल्लो वर्गले एकछाक खाएरै भए पनि उपभोग्य वस्तु सञ्चित गर्ने थाले भने पैसावालाले अधिक सञ्चय गर्न थाले। यसले बजारमा खाद्यान्न, स्वास्थ्य सामग्री, औषधिमूलो र इन्धनको चर्को अभाव भयो। अन्ततः सरकार आर्थिक आपत्काल घोषणा गर्न बाध्य भयो। सुरक्षा फौजलाई बजार अनुगमन, नियन्त्रण र आपूर्तिको जिम्मा दिइयो। सम्पूर्ण बजार सेनाले नियन्त्रणमा लिई सरकारी मूल्यमा आफैं बेच्न थाल्यो।

तीन महिनाभित्र (२०२१ को जून, अगष्ट र सेप्टेम्बर) दुई लाखले रोजगारी गुमाए, थप पाँच लाख मानिस गरिबीको रेखामुनि झरे। मुद्रास्फीति ११.१ प्रतिशत पुग्यो। दैनिक उपभोग्य वस्तु र सेवाको मूल्य आकाशियो। वैदेशिक मुद्राको सञ्चिति सर्वाधिक न्यून विन्दुमा झऱ्यो। वार्षिक औसत ७.५ बिलियन डलर हुने वैदेशिक मुद्राको सञ्चिति २.८ बिलियन डलरमा झऱ्यो। विभिन्न अध्ययन र लेखहरूले यसका पछाडि विभिन्न कारण रहेको व्याख्या गरेका छन्। कोभिड-१९ को संक्रमण, राजनीतिक महत्त्वाकाङ्क्षा र हचुवाको भरमा सुरुवात गरिएका योजना, विप्रेषण ह्रास, वैदेशिक ऋणको पासो र मुख्यगरी राजापाक्षे परिवारको 'वंश-राजनीति'।

कोभिड-१९ को विश्वव्यापी संक्रमण, लकडाउन र हवाई उडान बन्द हुँदै जाँदा श्रीलंका जाने पर्यटकको संख्यामा ७१ प्रतिशतले कमी आयो। वैदेशिक मुद्राको सबैभन्दा ठूलो स्रोत स्वाट्टै सुक्यो। श्रीलंकाको मुख्य कृषि निर्यात चिया, रबर र मसलाजन्य उत्पादनमा पनि व्यापक कमी आयो। पर्यटनपछि श्रीलंकाको वैदेशिक मुद्राको दोस्रो महत्वपूर्ण स्रोत विप्रेषण थियो। सन् २०१९ मा दुई लाख श्रीलंकाली कामदार वैदेशिक रोजगारमा गएका थिए। कोरोना महाव्याधिको कारण ५७ प्रतिशत कामदार स्वदेश फर्किए। अर्थतन्त्रमा विप्रेषणको करिब १३ प्रतिशत योगदान हुने गरेको थियो। प्रति वर्ष करिब ७ बिलियन डलरको विप्रेषण श्रीलंकाले भित्र्याउँथ्यो। तर, सन् २०१९ यताका दुई वर्षमा प्रति वर्ष ९ प्रतिशतको ह्रास भयो। विदेशमा रहेका आधा दर्जन श्रीलंकाली दूतावास बन्द भए।

अर्कोतर्फ राजापाक्षे परिवारको राजनीतिक महत्त्वाकाङ्क्षाका कारण मुलुकलाई तत्काल आवश्यक नरहेका सबै ठूला महत्त्वाकाङ्क्षी परियोजनाहरू सुरु गरियो। जस्तै चीनको ऋणबाट बन्ने हम्बनटोटा बन्दरगाह परियोजना। आफ्नो क्षमता भन्दा बढी खर्च हुन थाल्यो। स्रोतहरू सीमित थिए तर खर्च र ऋण बढ्दै गयो। श्रीलंकाको तत्कालीन समयमा करिब ४० बिलियन डलरको वैदेशिक ऋण थियो। सन् २०१९ मा ऋणभार कुल गार्हस्थ्य उत्पादनको ६२ प्रतिशत दुई वर्षमा नै १०१ प्रतिशत पुग्यो।

विभिन्न लेखहरूका अनुसार कुनै समयमा श्रीलंकाको कुल बजेटको २४ प्रतिशत राजापाक्षे परिवारकै नियन्त्रणमा थियोरु। ९ जना परिवारका सदस्यहरू मन्त्री थिए भने सरकारका मुख्य ३० वटा पदमध्ये ७ वटा पद पनि राजापाक्षे परिवारकै अधीनमा थियोरु।

अझ राजापाक्षेले २०१९ मा चुनाव जितेर राष्ट्रपति भएसँगै त्यहाँको सत्ता पूर्ण रूपमा राजापाक्षे परिवारको हातमा मात्रै सीमित भयोरु। त्यतिबेला सरकारमा राजापाक्षे परिवारका पाँच सदस्य थिए। जसमा राष्ट्रपति गोटाबाया, प्रधानमन्त्री महिन्दा, अर्थमन्त्री बसिल, सिंचाइमन्त्री चमलर र खेलकुदमन्त्री नमल राजापाक्षे।

मुलुक गम्भीर आर्थिक संकटमा फस्दै थियो तर पनि राजापाक्षे परिवारले निकै सुविधाजनक जीवन बिताइरहेका थिए। झन् झन् राजापाक्षे परिवारको दैनिकी आर्थिक रूपमा भड्किलो बन्दै थियो। राजापाक्षे परिवारमाथि अवैध रूपमा ५ अर्ब ३१ अर्ब डलर अर्थात् ४२ हजार करोड रुपैयाँ देश बाहिर लगेको आरोप थियो तर यसको स्वतन्त्र पुष्टि भएको थिएन। त्यसपश्चात् आम नागरिकमा राजापाक्षे परिवारको दैनिकी, परिवार बस्ने आलिसान घर, अत्याधुनिक गाडी र महँगो बिदा भ्रमणको बारेमा चर्को आलोचना हुन थाल्योरु।

ठूला भ्रष्टाचार, प्रत्येक चुनावमा धाँधली र युवा बेरोजगारी लगायतका समस्याबाट नागरिक आजित थिएरु। भारतप्रति अतिरिक्त सद्भाव र लचकताले जनविश्वास घट्दो थियो। हसिना मुलुकको स्वतन्त्रता सेनानीकी छोरी हुन्। तर त्यसको अर्थ उनलाई राजनीतिमा मनलाग्दी गर्ने, निरंकुश र क्रूर बन्ने छुट कदापि थिएन।

आर्थिक संकटले बहुसङ्ख्यक समुदाय प्रभावित बन्यो। समर्थक भनिएका कार्यकर्ता र आम नागरिक नै विरोधी बन्न थाले। मत दिनेहरूको मन परिवर्तन हुन थाल्यो। देशको आर्थिक संकटको कारण राजापाक्षे परिवारलाई मानियो। राजापाक्षे परिवार आन्दोलनकारीको आक्रोशको निशाना बन्यो। फलस्वरूप जनप्रदर्शन उनीहरूकै परिवार माथि केन्द्रित हुनपुग्योरु। अन्ततः जनताको विद्रोहको ज्वारभाटाले वंशवाद घुँडा टेक्न बाध्य भयो।

मुलुकको अर्थतन्त्रमा राजापाक्षे परिवारको मस्ती, मनपरीतन्त्रबाट प्रश्रय पाएको भ्रष्टाचार, आर्थिक अनुशासनहीनता र अराजकताको पराकाष्ठाबाट दिक्दारको परिणाम स्वरूप जनविद्रोह भएको हो। राजापाक्षे परिवारको राजनीतिक महत्त्वाकाङ्क्षा र स्वार्थले देश टाट पल्टिएको हो। पारिवारिक लाभबाट प्रेरित राजनीतिक निर्णयले मुलुकमा कसरी आर्थिक र मानवीय संकट निम्त्याउँछ, त्यो श्रीलंकाको संकट र जनविद्रोहले पुष्टि गर्दछ। नेतृत्वमा रहेको व्यक्तिले पारिवारिक स्वार्थलाई राष्ट्रभन्दा माथि राख्दा देश कस्तो हुन्छ भन्ने पाठ पनि हो यो।

**बंगलादेशी विद्रोह**

एसियाको कान्छो राष्ट्र, बंगलादेश शेख मुजिबर रहमानको नेतृत्वमा १९७१ मा स्वतन्त्र भएको थियोरु। उनै रहमान बंगलादेशको पहिलो राष्ट्रपति बने। रहमानको सन् १९७५ मा सैनिक 'कु' मा हत्या गरियो। सैनिक 'कु' मा रहमानका दुई छोरी बाहेक अरू सदस्यहरू मारिएका थिए। हसिना र उनकी बहिनी मात्र युरोप भ्रमणमा रहेका कारण बचेका थिए। भारतमा ६ वर्ष निर्वासन पश्चात् स्वदेश फर्किएर पिताको विरासतमा टेकेर हसिना

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# तौल घटाउन जान्नै पर्ने २१ कुरा

तपाईंको तौल एक दुई दिन या महिना दिनको परिणाम होइन, यो त लामो समयदेखि चल्दै आइरहेको तपाईंको जीवनशैलीको नतिजा हो । यदि तौल कम गर्नु छ भने धैर्य गर्नुहोस् । बेन्जामिन फ्याँकलिनले भनेका छन्, 'जोसंग धैर्य हुन्छ, चाहेको कुरा पाउन सक्छ'। तौल घटाउन पनि समय लाग्छ । शुरुको एक दुई हप्ता तपाईंको तौलमा कुनै अन्तर नआउन पनि सक्छ, तर, यसो भयो भन्दैमा धैर्य गुमाउनु हुँदैंन, केही समय पर्खनुहोस्, विस्तारै तौल घट्दै जानेछ ।



**आफ्नो प्रयासमा विश्वास गर्नुहोस्**

तौल घटाउन आफूले गरेको प्रयासप्रति विश्वास गर्नुहोस् । यदि तपाईं दैनिक जीम गैरहनुभएको छ, तर, तपाईं जीम गएपनि केही फाइदा छैन भन्नुहुन्छ भने तपाईंको अचेतन मनले पनि त्यही कुरा मान्छ र त्यसबाट तपाईंलाई केही फाइदा हुँदैंन । त्यसैले आफूमा परिवर्तन ल्याउनुछ भने सकारात्मक सोच राख्नुहोस् र आफ्नो प्रयासमा विश्वास गर्नुहोस् ।

**नाश्तापछि पानीलाई मुख्य ड्रिंक बनाउनुहोस्**

नास्ताको बेला सुन्तलाको रस, चिया, दूध लिन सकिन्छ, तर, त्यसपछि दिनभर पानीमात्र प्रयोग गर्नुहोस्, कोल्ड ड्रिंक छुँदा पनि नछुनुहोस् र चिया कफीमा पनि नियन्त्रण राख्नुहोस् । यसबाट तपाईंले दैनिक करिब २ सय ५० क्यालोरी कम गर्नु सक्नुहुनेछ ।

**कति क्यालोरी खानुहुन्छ त्यसमा १० प्रतिशत थप्नुहोस्**

यदि तपाईं दैनिक १८०० क्यालोरी भएको खाना लिनुहुन्छ, तर, तौल नियन्त्रण भएको छैन भने तपाईं आफ्नो क्यालोरीको गलत अनुमान लगाईरहनुभएको छ। तपाईंले आफ्नो अनुमानित क्यालोरीमा १० प्रतिशत थप्नुहुन्छ भने अनुमान बढी मिल्न सक्छ। जस्तै १८०० क्यालोरीमा १० प्रतिशत अर्थात् १ सय ८० थपेर १९८० क्यालोरी लिन सक्नुहुन्छ ।

**तीन पटक हैन, ४-५ पटक थोरै थोरै खानुहोस्**

दक्षिण अफ्रिकामा भएको एक अध्ययनले के देखाएको छ भने बिहान, दिउँसो, बेलुकी खानुको सट्टा ५-६ पटक थोरै थोरै खाने मानिसले ३० प्रतिशत कम क्यालोरी उपभोग गर्छ । दिनको धेरैपटक खाँदा शरीरले कम इन्सुलिन निकाल्छ जसले ब्लड सुगरलाई सही राख्छ र भोक पनि कम लाग्छ ।

**दैनिक ४५ मिनेट हिड्नुहोस्**

दैनिक ३० मिनेट टहलिनाले तपाईंको शरीरमा तौल बढ्न पाउँदैंन, यदि तौल घटाउन चाहनुहुन्छ भने कम्तीमा पनि ४५ मिनेट टहलिनुस् । यसो गर्ने भने खानपानमा परिवर्तन नल्याइकन पनि तपाई एक वर्षमा कम्तीमा पनि १५ किलो तौल घटाउन सक्नुहुनेछ । तर, टहलिने काम भने बिहानको स्वच्छ हावामा गर्नुपर्छ । यसका लागि बिहान सबेरै उठ्ने बानी बसाल्नुस् ।

**निलो रंगको बढी प्रयोग गर्नुहोस्**

निलो रंगले भोक कम गर्छ, यहीकारण रेष्टरेन्टहरुमा यसको प्रयोग कम हुन्छ । यस्तै, खाना खाँदा निलो प्लेट प्रयोग गर्नुहोस्, टेबलमा निलो कपडा प्रयोग गर्नुहोस् ।

**आफ्नो पूरानो कपडा दान दिनुहोस्**

यदि तपाईंले तौल घटाइसक्नु भएको छ भने आफ्ना पूराना ठिक नभएका कपडा दान दिनुहोस्। यसो गर्नाले एक त तपाईंलाई दान दिन पाएकोमा आत्मसन्तुष्टि हुनेछ भने अर्कोतिर फेरि मोटाएमा कपडा किन्नुपर्नेछ भनेर तपाईं तौल नियन्त्रणमा उत्प्रेरित हुन सक्नुहुनेछ ।

**खाना खान सानो प्लेट प्रयोग गर्नुहोस्**

अध्ययनका अनुसार जति भोक लागेपनि यदि तपाईंको अगाडि थोरै खाना राखिएको छ भने थोरै खानुहुनेछ र धेरै खाना राखिएको छ भने धेरै खानुहुनेछ। त्यसैले कम खाना खान सानो थालमा थोरै खाना राखेरै खानु उपयुक्त हुनेछ। चिया कफीका लागि पनि सानो कप नै प्रयोग गर्नुपर्छ ।

**खाना खाने ठाँउमा ऐना लगाउनुहोस्**

के पनि भनिन्छ भने यदि खाना खाने ठाउँमा ऐना लगाउने भने मानिस आफ्नो शरीर देखेरै तौल कम गर्नतिर लाग्छ ।

**पानी बढी भएको खाना खाने**

पेल्सिभेनिया स्टेट युनिभर्सिटीमा भएको एक अध्ययनले के पाइएको छ भने गोलभेंडा, लौकाजस्ता कुरा खानाले क्यालोरी कम हुन्छ ।

**कम चिल्लो भएको दुध प्रयोग गर्ने**

चिया, कफी बनाउँदा या दूध पिउँदा कम चिल्लो भएको दुध मात्र प्रयोग गरौं, यस्तो दुधमा क्याल्सियम बढी र क्यालोरी कम हुन्छ ।

**९० प्रतिशत खाना घरमै खाऔं**

सकेसम्म घरमै खाने बानी बसालौं। बाहिरको खानामा बढी चिल्लोपदार्थ र बढी क्यालोरी हुन्छ, यसबाट बच्नुपर्छ ।

**बिस्तारै खानुहोस्**

बिस्तारै खाँदा तपाईंको दिमागले पेट भरिएको संकेत पहिल्यै गर्नेछ र तपाईंले कम खानुहुनेछ ।

हामी भोकै नलागी त्यत्तिकै पनि खान्छौं, कतिपय मानिसहरु बोर लाग्दा, नर्भस हुँदा या बानी लागेका कारण पनि त्यत्तिकै खान्छन्। तर यसो गर्नु ठीक होइन, वास्तवमै भोक लागेपछि मात्र खानुहोस् ।

**जूसको सट्टा फल खानुहोस्**

जूसको सट्टा फल खानुहोस्, फलले जुसको तुलनामा भोक पनि कम गर्नेछ र अन्य खाना कम खानुहुनेछ ।

**बढी हिड्नुहोस्**

जति बढी हिड्नुहुन्छ, उति बढी तपाईंको क्यालोरी खर्च हुन्छ । लिफ्टको ठाँउमा सिढीको प्रयोग गर्नुहोस्, वरिपरीका ठाउँमा पैदलै हिड्नुहोस्, अन्यत्र सम्भव नभएपनि कमसेकम दिनको एकदुईपटक छतको चक्कर मार्नुहोस् ।

**हप्तामा एकपटक कुनै गाह्रो काम गर्नुहोस्**

हप्तामा कम्तीमा पनि एकपटक गाह्रो काम गर्नुहोस्, जस्तो कि आफ्नो बाइक वा कार आफैं धुन सक्नुहुन्छ, बच्चाको साथमा घुम्न जान सक्नुहुन्छ, आफ्नो जीवनसाथीलाई घरको काममा सहयोग गर्न सक्नुहुन्छ ।

**साँझ कम खानुहोस्**

अध्ययनका अनुार तपाईं जति बढी दिनको समयमा खानुहुन्छ, रातको समयमा उतिनै कम खानुहोस्। तपाईंले दिउँसो खाएको खानाको क्यालोरी रातको समयमा खर्च हुने सम्भावना बढी हुन्छ ।

**नाच्नुहोस्**

समय पाउनेबित्तिकै र अवस्थाले साथ दिएसम्म गीत बजाएर नाच्नुहोस्, यसो गर्दा तपाईंलाई मनोरन्जनका साथै क्यालोरीपनि खर्च हुन्छ। यदि नृत्यलाई रुटिन बनायो भने झन् बढी राम्रो हुन्छ ।

**कागती र मह प्रयोग गर्ने**

हरेक बिहान हल्का मनतातो पानीमा कागती र मह मिसाएर सेवन गर्नाले तौल कम हुन्छ ।

**दिउँसो खाना खानुअघि ३ गिलास पानी पिउने**

यस्तो गर्नाले भोक कम लाग्छ। यदि तपाईं तौल घटाउन चाहनुहुन्छ भने भोक लागेको बेलामा केही थोरै खानाले लाभ मिल्छ ।






# जबरजस्ती करणी सम्बन्धी कानुन बनाउन ध्यानाकर्षण

विराटनगर । सांसदहरुले जबरजस्ती करणी सम्बन्धीको कानूनलाई तत्काल संशोधन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबार कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै सांसदहरुले जबरजस्ती करणी सम्बन्धीको कानूनलाई तत्काल संशोधन गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

उनीहरुले प्रतिशोधपूर्ण रुपमा व्यक्तिलाई फसाउन जबरजस्ती करणीको मुद्दा लगाइने गरिएको भन्दै तत्काल संशोधन गर्नुपर्ने बताए । बैठकमा बोल्दै नेकपा ( माओवादी केन्द्र)का सांसद पूर्णबहादुर घर्तीले जबरजस्ती करणी र लागुऔषध सम्बन्धी कानूनलाई परिवर्तन गर्नुपर्ने बताउनुभयो । उहाँले सो कानूनले निर्दोष पुरुषहरु पीडित हुनुपर्ने अवस्था आएको भन्दै सुधार गर्नुपर्ने बताउनुभयो । नेकपा (एकीकृत समाजवादी)का सांसद शेरबहादुर कुँवरले जबरजस्ती करणी सम्बन्धी कानूनमा सुधार गर्नुपर्ने बताएका थिए । यो विषयलाई केवल पुरुषहरुको मात्रै विषय नबनाएर सबैको सामुहिक आवाज बनाउनुपर्नेमा उहाँको जोड रहेको थियो ।

नेकपा (एमाले)का सांसद चन्द्रबहादुर विश्वकर्माले कानूनमा सुधार गरेर १५ वर्ष मुनिकालाई मात्रै बालबालिकाको रुपमा परिभाषित गर्नुपर्ने धारणा राख्नुभयो । नेकपा (एमाले)कि सांसद प्रतिक्षा तिवारीले जबरजस्ती करणीको मुद्दालाई हेर्ने दृष्टिकोण फरक हुनुपर्ने बताएका थिए ।

जनता समाजवादी पार्टीकि सांसद रञ्जुकुमारी झाले जबरजस्ती करणी सम्बन्धी कानूनलाई तत्काल संशोधन गर्नुपर्ने बताउनुभयो । उहाँले ६० प्रतिशत युवाहरु सोही मुद्दाका कारण थुनामा रहेका भन्दै ६० प्रतिशत जनशक्तिलाई थुनेर देशको विकास र समृद्धि हुन नसक्ने बताएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले जबरजस्ती करणीको परिभाषालाई अझ स्पष्ट पार्नुपर्ने बताउनुभयो । उहाँले जर्बजस्ती करणी होइन भने के भनेर परिभाषित गर्ने हो त्यसमा स्पष्ट हुनुपर्ने बताएका थिए ।

नेपाली कांग्रेसकी सांसद नागिना यादवले राजनीतिक प्रतिशोधका कारण निर्दोष व्यक्तिलाई फसाएर कारागार पर्याइने गरेको बताउँदै जबरजस्ती करणीको मुद्दाको पनि गलत प्रयोग भएको भन्दै यस प्रकारको मुद्दामा डिएनए परीक्षण हुनुपर्ने बताएका थिए । सांसदहरुले देशभरका कारागार र बाल सुधारगृहहरुको अवस्था सुधार गर्न पनि सरकारलाई आग्रह गरेका छन् ।




# संस्कार र परम्परा संरक्षणमा प्रदेश सरकार प्रतिवद्ध

विराटनगर । प्रदेशका आदिवासी जनजातिहरूको भाषा, संस्कृति, संस्कार र परम्परालाई संरक्षण र विकास गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनुभएको छ ।

३०औं विश्व आदिवासी दिवसको अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै उहाँले आदिवासी जनजातीहरूको पहिचानलाई थप परिस्कृत बनाउन आफू लागिपरेको समेत बताउनुभयो । सो अवसरमा स्वदेश तथा विदेशमा रहेका आदिवासी जनजाति समुदाय सहित सम्पूर्ण नेपालीहरूमा शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभयो, 'प्रथम सहिद लखन थापादेखि अहिलेसम्म भएका परिवर्तनका आन्दोलनमा आदिवासी जनजातिको योगदान स्मरणीय छ ।'

दिवसले संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन र सुदृढीकरण तथा अधिकार प्राप्तिको अभियानमा निरन्तर सफलता मिल्ने विश्वास लिएको मुख्यमन्त्री कार्कीद्धारा जारी शुभकामना सन्देशमा उल्लेख छ । कोशी प्रदेश आदिवासी जनजातिहरूको ठूलो जनसंख्या भएको प्रदेश भएको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले आदिवासी जनजातिहरूको विभिन्न भाषा, संस्कृति, परम्परा र संस्कारले कोशी प्रदेशलाई समृद्ध बनाएको बताउनुभयो ।

खुवालुङदेखि माङ्सेबुङ लगायतका पवित्र स्थलहरू प्रदेशका अमूल्य सम्पत्ति रहेकाले यस्ता धार्मिक धरोहरहरूको संरक्षण र संग्रहालयमार्फत समुदायहरूको पहिचानलाई वर्षौंसम्म चिरस्थायी बनाउन प्रदेश सरकारले काम गरिरहेको सन्देशमा उल्लेख छ । संयुक्त राष्ट्रसंघले सन् १९९४ को अगष्ट ९ बाट विश्व आदिवासी दिवस मनाउन सुरु गरेको हो । दिवसलाई आदिवासी तथा जनजातीहरूले अधिकार स्थापित गर्ने दिनका रूपमा मनाउँदै आएका छन् ।

# खड्का आयल सेन्टरले पेट्रोलको सट्टा हावा भरेको ग्राहकको आरोप




विराटनगर । मोरङको बेलबारी मा खड्का आयल सेन्टरले सावरी साधनमा पेट्रोल भर्दा पेट्रको सट्टा सवारी साधनमा हावा दिएको पाइएको छ ।

सुन्दा आश्चर्य लाग्न सक्छ तर यो सत्य घटना हो । पेट्रोल भर्न आएका एक युवकलाई १३ लिटर क्षमता भएको मोटरसाइकलमा करिब २ लिटर रिजर्वमा थप १४.५ लिटर तेल खड्का आयल सेन्टरले हालिदिए पछि तेलसँगै हावा भर्ने काम हुँदो रहेछ भन्ने खुलेको छ । पथरीशनिश्चरे नगरपालिका निवासी विवश सुब्बाले तेल भर्दा खड्का आयलले सवारी साधनमा हावा भरिदिएको थियो ।

सुब्बाका अनुसार विराटनगर देखि घर फर्कने क्रममा खड्का आयलमा १३ लिटर क्षमता भएको ट्याङ्कीको ३५० सिसिको बुलेट बाइकमा तेल भरेका थिए । तर तेलको सट्टा हावा मात्र भरिएको सुब्बाले गुनासो रहेको छ ।

बाइकमा भएको करिब २ लिटर भन्दा बढी तेल हुँदा पनि १३ लिटर मात्र क्षमता भएको ट्याङ्कीमा १४.५ लिटर तेल हालेको मिटरमा देखिएको तर तेल भने सोही अनुसार नभएको सुब्बा बताउँछन् । सुब्बासँगै तेल भरेकी सावित्र सेर्माको पनि सोही कार्य भएको छ । ट्याङ्की पूर्ण भर्ने मनसायले करिब १ लिटर भन्दा बढी पेट्रोल रहेको स्कुटरमा रु ५०० को पेट्रोल भर्दा पनि नभरिएको तर जतिको त्यही तेलको मिटरले देखाएको सेर्मा बताउँछिन् ।

अन्य मानिसहरू पनि तेल भर्ना सुब्बा र सेर्मासँगै लाइनमा थिए तर सुब्बाले सचेत गराए पछि अन्य जोगिएको टेक बहादुर राई बताउँछन् । पथरीशनिश्चरे निवासी राई पनि पेट्रोल हाल्न त्यस बेला लाइनमा थिए । खड्का आयल सेन्टरलाई कानुनी कारवाही गर्न उनीहरूको माग रहेको छ । खड्का आयलले ग्राहकलाई जानी जानी ठगेको ग्राहकको गुनासो रहेको छ ।

हावा र इन्धनको अन्तर क्रियाबाट यसो हुन सक्ने वैज्ञानिक कारण रहेको छ । जब पम्पको तेलको पाइप रित्तो हुन्छ र हावा मिसिन्छ, त्यसले इन्धन पम्पको दबाबमा परिवर्तन ल्याउन सक्छ । दबाब परिवर्तन हुँदा मिटरले इन्धनको प्रवाहलाई गलत रूपमा मापन गर्न सक्छ । हावा र इन्धनको अन्तरक्रिया गर्दा इन्धनमा बबलहरू उत्पन्न हुन्छन् । यी बबलहरूले मिटरमा इन्धनको मात्रालाई बढी देखाउन सक्छन् ।

तर त्यसो हुने सम्भावना पनि कम रहेको गुणस्तर तथा नापतौल कार्यालय, विराटनगरका प्रमुख शम्भु कुमार झा बताउँछन् । आयल वितरण केन्द्रमा रहेको मेसिनमा एयर स्टेब्लरको व्यवस्था रहेको झाले जनाए । कैफियत भए मात्र मिटरमा इन्धनको मात्र बढी देखाउने झाको राय रहेको छ ।

नाप जाँचको लागि गुणस्तर तथा नापतौल कार्यालय, विराटनगरबाट टिम परिचालन गरिसकेको झाले बताएका छन् । खड्का आयल सेन्टरको लापरवाही वा जानी जानी गरेको केही कमजोरी भेटिए तत्काल तेल वितरणमा रोक लगाउने झाले जनाएका छन् ।

# सुनसरी, मोरंग र झापाबाट लागुऔषध सहित १५ पक्राउ

बिराटनगर । झापा, मोरङ र सुनसरीबाट लागुऔषध सहित १५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको बिराटनगर-१५ स्थितबाट ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । बुधवार लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको भारत जोगबनीबाट नेपाल तर्फ आउदै गरेका सुनसरी इटहरीका ३१ बर्षीय नबिन श्रेष्ठ र चितवन नारायणघाट भरतपुरका २९ बर्षीय सुरज कुमाललाई ३ ग्राम ४ मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरीको अस्थायी प्रहरी पोष्ट रेल्वेबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा धरान-१७ का २७ बर्षीय जित बहादुर बुढाथोकीलाई प्रतिबन्धित औषधी ७२० क्यापसुल र ८४० ट्याब्लेट सहित पक्राउ गरेको थियो । त्यसैगरी झापाको इलाका प्रहरी कार्यालय सुरुङ्गाको टोलीले चेकजाँचको क्रममा बिर्तामोड नगरपालिका २ का २३ बर्षीय भुपेन्द्र सिंह राजवंशी र १९ बर्षीय आशिका नेम्वाङ लिम्बुलाई ५६० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

मोरङको अस्थायी प्रहरी पोष्ट मटेरुवाले चेकजाँचको क्रममा प्र.१-०२-०४८-प९५०७ नम्बरको मोटरसाईकलमा सवार रहेका बिराटनगर ४ का २० बर्षीय पाञ्जोल घिमिरे र बिर्तामोड झापाका ३५ वर्षिय सरोज बुढाथोकीलाई ४९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेकोथियो ।

इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले पथरीशनिश्चरे ४ का ३० बर्षीय हिमाल खतिवडा र ३७ वर्षिय नर बहादुर दाहाललाई ४८० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

झापा, मोरङ, सुनसरी र उदयपुरबाट लागुऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । हिजो दिउँसो झापाको भद्रपुर नगरपालिका-९ स्थितमा प्रहरी चौकी घोडामारा र प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भद्रपुर-९ का ४६ बर्षीय अरेन्जय राजवंशी र २५ वर्षिय कृष्ण राईलाई २ ग्राम ७९० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको छ ।

त्यसैगरी सुनसरीको भोक्राहा-६ स्थितमा इलाका प्रहरी कार्यालय लौकही र लागुऔषध नियन्त्रण व्युरो बिराटनगरको टोलीले चेकजाँचको क्रममा को. १९ प १३१८ नम्बरको मोटर साईकलमा सवार रहेका रामधुनी नगरपालिका-३ का १९ बर्षीय रुपेस चौधरी १९ बर्षीय उत्सव चौधरीलाई २ ग्राम ६ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ भने मोरङको इलाका प्रहरी कार्यालय पथरीपथरीले शनिश्चरे नगरपालिका ८ का २५ बर्षीय दिपेश माझीलाई २ ग्राम ब्राउन सुगर सहित र उदयपुरको प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले प्रदेश २-०१-००१प २२२७ नम्वरको स्कुटर चालक त्रियुगा नगरपालिका ९ का २७ बर्षीय पंकज बस्नेतलाई प्रतिबन्धित औषधी ९० एम्पुल, ४४ पिस ट्यावलेट सहित पक्राउ गरेको छ ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको सम्बन्धित प्रहरी कार्यालयले जनाएका छ ।

# नेपालको सामुदायिक वनको अभ्यास अन्य मुलुकका लागि अनुकरणीय हुने : मुख्यमन्त्री कार्की

विराटनगर । नेपालको सामुदायिक वनको अभ्यास अन्य मुलुकका लागि पनि अनुकरणीय रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले वताएका छन् ।

सामुदायिक वन दिवस २०८१ को अवसरमा शुक्रबार शुभकामना व्यक्त गर्दै उहाँले सामुदायिक वन समूहहरूले वन संरक्षण र विकासमा खेलेको भूमिकाको प्रशसंनीय समेत रहको भन्दै कोशी प्रदेशमा ३ हजार ७११ वटा सामुदायिक वन उपभोक्ता समूहमार्फत साढे चारलाख हेक्टर राष्ट्रिय वनक्षेत्रको संरक्षण तथा व्यवस्थापन गरिरहेको तथ्यांक प्रस्तुत गर्दै उहाँले यसबाट करीब ६ लाख घरघुरीलाई प्रत्यक्ष फाइदा पुगेको जानकारी गराएका थिए ।

नेपालमा २२ लाख हेक्टर भन्दा बढी राष्ट्रिय वन क्षेत्र २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू मार्फत व्यवस्थापन हुँदै आएको छ । यसमा करिब ३० लाख घरधुरीहरूको सहभागिता रहेको मुख्यमन्त्री कार्कीद्वारा जारी शुभकामना सन्देशमा उल्लेख छ ।

नेपालको संविधान २०७२ जारी भएपछि राष्ट्रिय वनक्षेत्रको व्यवस्थापन गर्ने जिम्मा प्रदेश सरकारले पाएको छ । यसले प्रदेश र सिंगो देशलाई वन पैदावारमा आत्मनिर्भर बनाउन, काष्ठ तथा गैरकाष्ठजन्य वन पैदावारको आयातलाई प्रतिस्थापन गर्नका साथै वनजन्य उद्यम विकासको माध्यमबाट रोजगारीको सिर्जना समेत भएको मुख्यमन्त्री कार्कीले बताउनुभयो । यसले राष्ट्रिय पुँजी निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको उहाँले उल्लेख गर्नुभएको छ ।

समाजवाद उन्मुख आर्थिक समृद्धिको लक्ष्य प्राप्त गर्नका लागि सामुदायिक वनको व्यवस्थापन संरचना संरक्षणसँगसँगै उत्पादन, उद्यम तथा रोजगारी उन्मुख हुनुपर्ने उहाँको धारणा छ । यसका लागि समयानुकुल नीतिगत तथा कानुनी संरचना र कार्यक्रम मार्फत यथेष्ठ प्रयास गर्ने मुख्यमन्त्री कार्कीले प्रतिबद्धता व्यक्त गरेका थिए ।

सरकारले वनको व्यवस्थापन जनसहभागिताबाट गर्ने नीति अनुसार सिन्धुपाल्चोक जिल्लाको ठोकर्पामा पर्ने वन क्षेत्र २०३० साउन २५ गते समुदायलाई संरक्षण र व्यवस्थापनको जिम्मा दिएको दिनलाई स्मरण गर्दै २०७३ सालदेखि साउन २५ गते राष्ट्रिय सामुदायिक वन दिवसका रूपमा मनाउने गरिएको छ । यस वर्ष भने 'सामुदायिक वनको प्रभाव कारिता तीनै तहका सरकार र समुदायको सहभागिता' भन्ने नाराका साथ मनाएको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**



## जनविद्रोहले...

राजनीतिमा सक्रिय भइन्।

त्यसपश्चात् बेगम खालिदा जियासँग मिलेर सैनिक शासन विस्थापन गर्ने राजनैतिक आन्दोलनमा लागिन्, फलस्वरूप १९९० मा सैनिक शासन विस्थापित भयो। सन् १९९६ मा उनी निर्वाचित भएर पहिलो पटक सत्तामा पुगिन्। तर भारतसँग जलसन्धि गर्ने क्रममा आलोचित र विवादित पनि बनिन्। जसको कारण सन् २००१ मा भएको निर्वाचनमा चुनाव हारिन्।

विशेषगरी बंगलादेशको पूर्व क्षेत्रमा क्रियाशील विद्रोही समूहसँगको सम्झौता, भारतसँग पानी बाँडफाँड गर्ने सम्झौता र अर्थतन्त्र उकास्न गरेका केही प्रयत्नले उनको राजनैतिक जीवनलाई तल झर्न दिएन। फेरि २००९ मा चुनावबाट हसिना सत्तामा फर्किइन्। तत्पश्चात् उनी र उनले नेतृत्व गरेको दल, अवामी लिग कहिल्यै संसद्को प्रतिपक्षी आसनमा बस्नुपरेको थिएन।

सन् २००९ पछि उनै शेख हसिनाको शासनकालमा बंगलादेशले आर्थिक प्रगति गरेको पाइन्छ। विश्वकै गरिब देशबाट हाल दक्षिण एसियाली क्षेत्रमा तीव्र रूपमा अर्थतन्त्र बढ्ने देशको रूपमा बंगलादेशमा उनैको देन हो। पछिल्लो एक दशकमा बंगलादेशको प्रतिव्यक्ति आम्दानी तीन गुणा वृद्धि भएको छ। विश्व बैंकको प्रतिवेदन अनुसार पछिल्लो दुई दशकमा बंगलादेशमा साढे २ करोड मानिस गरिबीबाट उकासिने अवस्थामा छन्। विश्वव्यापी रूपमा बंगलादेशमा उत्पादित कपडाको ठूलो माग र बिक्री थियो। देशको अर्थतन्त्रमा यहाँको कपडा उद्योगको ठूलो योगदान थियो।

सन् २०१८ मा एघारौं राष्ट्रिय चुनाव भयो र हसिना पुनः प्रधानमन्त्री बनिन्। त्यसपश्चात् हसिनाको बारेमा नकारात्मक प्रतिक्रिया आए। विपक्षी दलहरुले उनीमाथि चुनावको अघिल्लो रातमा नै मतपत्र र बाकस कब्जा गरेको व्यापक आरोप लगाए। उक्त चुनाव 'नाइट इलेक्शन' भनेर चर्चित भयो।

गत जनवरीमा भएको बाह्रौं राष्ट्रिय निर्वाचनबाट उनी पुनः प्रधानमन्त्री बनिन्। तर, यो निर्वाचन पनि विवादित बन्न पुग्यो। विपक्षी दलहरूले हसिना नेतृत्वको सरकारले चुनावअघि नै आफ्ना हजारौं कार्यकर्ता तथा आफ्ना विरोधी र आलोचकलाई पक्राउ गरेको बताएका थिए। प्रमुख विपक्षी दलले चुनाव बहिष्कार गरेको थियो।

३०० सिटका लागि भएको निर्वाचनमा २२४ स्थान उनको दल अवामी लिगले जितेको थियो। आफ्नै दलका नेताहरूलाई स्वतन्त्र उम्मेदवार 'प्रोक्सी' बनाएर 'डमी' प्रतिस्पर्धाको व्यवस्था गरिएको थियो। यसै कारण विपक्षीले यो निर्वाचनलाई 'डमी चुनाव' भनेका थिए।

हेक्का रहोस्, जब भुईंमान्छेहरूले अन्याय, अत्याचार र आर्थिक संकटको सामना गर्छन्, तब कुनै तन्त्र, वाद, दल, हतियार या बहुमतले विद्रोह रोक्न सक्दैन। अन्याय, अत्याचार र आर्थिक संकट विद्रोहको सबैभन्दा ठूलो हतियार हो।

पछिल्लो कार्यकाल हसिनाको निकै विवादित बन्दै आयो। उनीमाथि आलोचक, पत्रकार र नागरिक समाजका अगुवामाथि प्रतिशोधपूर्ण कारवाही गरेको आरोप थियो। पत्रकार तथा चर्चित फोटोग्राफर साहिदुल आलमले अलजजिरा टेलिभिजनलाई दिएको अन्तर्वार्ताकै कारण राज्यविरुद्ध भ्रम र हिंसा फैलाएको अभियोगमा थुनिएको थियो। यसैगरी हसिना प्रशासनले नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसलाई श्रम कानुन उल्लंघनको अभियोगमा ६ महिना जेल पठाइयो।

पछिल्लो आन्दोलन आरक्षण व्यवस्थाको विरुद्धमा सुरु भएको हो। स्वतन्त्रता सेनानीका सन्तानका लागि सरकारी जागिरमा ३० प्रतिशत आरक्षणको व्यवस्था गरिएको थियो। लक्षित समूहले आरक्षणको सुविधा पाइसकेको थियो र उनीहरूका पछिल्ला सन्ततिलाई पनि ३० प्रतिशत नै जागिर छुट्याउनुपर्ने भएपछि युवा विद्यार्थीहरूबीच असन्तोष बढेको थियो। सन् २०१८ मा गरिएको विरोध पश्चात् हसिना सरकारले ३० प्रतिशत आरक्षण घटाएर ६ प्रतिशतमा सीमित गरेको थियो।

तर, उच्च अदालतले दुई महिनाअघि ५ जूनमा आरक्षण पुनः स्थापित गरिदिएपछि विद्यार्थी आन्दोलन सुरु भएको थियो। आन्दोलन चर्केसँगै सर्वोच्च अदालतले उच्च अदालतको फैसला खारेज पनि गरिदिएको थियो। तर आन्दोलन रोकिएको थिएन।

यसैबीचमा आन्दोलनकारी विद्यार्थीप्रति हसिनाले केही हप्ता अगाडि गरेको टिप्पणी उत्प्रेरक बन्यो। स्वतन्त्रताप्रेमीका सन्तानले पाएको आरक्षणलाई स्वतन्त्रताविरोधी शक्तिहरूले अस्वीकार गरेको आरोप उनको थियो। चर्किएको विद्यार्थी आन्दोलनको जवाफमा उनले 'स्वतन्त्रता युद्ध लड्नेका सन्तानले कोटा नपाउने हो भने के रजाकारका सन्तानले पाउने होरु?' भनेकी थिइन्। स्वतन्त्रता आन्दोलनमा पाकिस्तानी फौजका पक्षमा लडेका बंगालीहरूलाई रजाकार (देशद्रोही) मानिन्छ।

यसै कारण आन्दोलनरत विद्यार्थीको प्रदर्शन हसिनाको गद्दीतर्फ सोझियो। उक्त अभिव्यक्तिपछि विद्यार्थीहरूले प्रधानमन्त्रीको राजीनामा माग गर्दै आन्दोलन चर्काए। राज्य प्रशासनबाट करिब १० हजार विद्यार्थी र विपक्षी दलका समर्थकहरूलाई पक्राउ गरियो। देशैभर इन्टरनेट सेवा बन्द गरिएको थियो। 'द ढाका ट्रिब्युन', 'बंगला ट्रिब्युन', 'डेली स्टार बंगला' लगायतका समाचार साइट समेत बन्द गरिएको थियो।

करिब ३०० भन्दा बढीको ज्यान गयो, तर आन्दोलन रोकिएन, झनै चर्कियो। अन्ततः एसियाकै शक्तिशाली महिलाको परिचय बनाएकी हसिनाको १६ वर्ष लामो शासन अन्त्य भयो, कुर्सी मात्र होइन, हतारहतार देश छाड्नुपर्‍यो।

अहिले हसिनाको सत्ताच्युतको प्रमुख कारण आरक्षणको सुविधा विरुद्धको आन्दोलन देखिए तापनि सतहमा धेरै तथ्यहरू देखापरेका छन्। बंगलादेशमा पछिल्लो समय, १५ देखि २४ वर्षभित्रका ४० प्रतिशत युवाहरू अशिक्षित र बेरोजगार रहेको विभिन्न अध्ययनले देखाएका छन्। दुईतिहाइ बहुमतले उनलाई निरंकुश र क्रूर शासक बन्न प्रेरित गर्‍यो। कोरोनाकालपछि बंगलादेशमा आर्थिक संकट चुलिएको थियो। बढ्दो महँगी, विदेशी मुद्राको सञ्चिति घट्नु र विदेशी ऋण बढ्दै गएको थियो।

यी तथ्यहरू खोतल्ने नेता, पत्रकार र सञ्चारमाध्यमलाई निशाना र निरन्तर आक्रमण गरिराखेकी थिइन्। उनको शासनकालमा सुरक्षाकर्मीद्वारा थुप्रैको गैरन्यायिक हत्या, बेपत्ता र धरपकड गरिएको रिपोर्टहरू सार्वजनिक भए। तर दुईतिहाइ बहुमत र सत्ताको आडमा हसिनाले झनै क्रूर र निरंकुश बनिन्। ठूला भ्रष्टाचार, प्रत्येक चुनावमा धाँधली र युवा बेरोजगारी लगायतका समस्याबाट नागरिक आजित थिए। भारतप्रति अतिरिक्त सद्भाव र लचकताले जनविश्वास घट्दो थियो। हसिना मुलुकको स्वतन्त्रता सेनानीकी छोरी हुन्। तर त्यसको अर्थ उनलाई राजनीतिमा मनलाग्दी गर्ने, निरंकुश र क्रूर बन्ने छुट कदापि थिएन।

अन्त्यमा

नेपालमा विसंगति, भ्रष्टाचार, कुशासन, निरंकुश दल र सत्ताको गणितीय अंकले जोगाएको छ। सत्ताका लागि जुनै ध्रुवका दलहरू पनि जोडिदिएका छन्। वंश र अंशको राजनीति निकै हाबी छ। आरक्षणको व्यवस्थाले सीमित र उही कुलघराना पटक-पटक लाभान्वित छन्। अपराध र भ्रष्टाचार राजनीति र कर्मचारीको बर्दीमा सुरक्षित छ। करारको जागिर होस् या राजनैतिक नियुक्ति, क्षमताको आधार भन्दा नातावाद र आर्थिक लेनदेनका आधारमा गरिन्छ।

अर्कोतर्फ दलहरु र राजनैतिक नेतृत्वले आफू, परिवार र कार्यकर्ताको अपराध र भ्रष्टाचारका कुरा उठ्ने बित्तिकै सत्ता-समीकरण फेरबदल गरेका छन्। अनुसन्धानमा खटिएका अधिकृतहरू फेरेर आफू अनुकूलका ल्याएका छन्।

नेता महोदय, समय फेरिएको छ। हिजो र आजमा धेरै फरक छ। प्रत्येक नागरिकको हात हातमा मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जाल पुगेको छ। जनतामा चेत छ। राजनैतिक नेतृत्वले गरेका ठूला ठूला भ्रष्टाचार र अपराधका समाचारहरू छ्याप्पछ्याप्ती छन्। राजनैतिक दल र नेता तथा कर्मचारीहरूको कुशासन र भ्रष्टाचारका कर्तुत प्रष्ट छन्। सत्ता र बर्दीको आडमा राज्यको ढुकुटी दोहन गर्ने कर्मचारी, दल र नेतृत्वहरू सबैको पहिचान भइसकेको छ, हुँदै जानेछ।

हिजो कुनै शासन, सत्ता पल्टाउन दल र राजनैतिक नेतृत्वको लामो आन्दोलन जरूरी पर्थ्यो। आज सूचनाप्रविधिको सहयोगमा क्षणभरमै उलटपुलट ल्याउन सक्छ भन्ने श्रीलंका र बंगलादेशको विद्रोहले पुष्टि गर्छ। विना दल, विना हतियार दुबै देशका विशेषगरी युवा र विद्यार्थीको निरन्तर आन्दोलनले वंशीय र दुई तिहाइका सरकार प्रमुखहरू देश छाड्न बाध्य भए। हेक्का रहोस्, जब भुईंमान्छेहरूले अन्याय, अत्याचार र आर्थिक संकटको सामना गर्छन्, तब कुनै तन्त्र, वाद, दल, हतियार या बहुमतले विद्रोह रोक्न सक्दैन। अन्याय, अत्याचार र आर्थिक संकट विद्रोहको सबैभन्दा ठूलो हतियार हो। लेखकद्वय त्रिभुवन विश्वविद्यालयमा विद्यावारिधिरत छन्। अनलाइन खबरबाट

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# उपप्रमुखद्धारा झुल्के जल उद्योगको अनुगमन



विराटनगर। पथरी शनिश्चरे नगरपालिकाको उपप्रमुख एवं नगर स्तरीय अनुगमन समितिको संयोजक देवीमाया काफ्लेको अगुवाईमा बजार अनुगमन समितिले श्री झुल्के जल उद्योगको अनुगमन गरेको छ।

पथरी शनिश्चरे वडा नं. १ मा स्थापित सो उद्योगले बिक्री गरेको पानी वडा नं. २ का एक उपभोक्ताले घरमा जारको खानेपानी दुषित रहेको भनी सूचना प्राप्त भए पश्चात् नगरपालिकाको अनुगमन समितिद्वारा स्थलगत अनुगमन गरिएको थियो।

सो उद्योगको बिक्री गरिएको जारहरु स्थलगत रुपमा अनुगमन गर्दा त्यहाँ भएका जारहरु मध्ये खोलिएको जारको खानेपानीमा केही लामखुट्टेको लार्भा देखिएको भएता पनि नखोलिएका जारहरूमा भने लामखुट्टेको लार्भा नदेखिएको, उद्योगमा खानेपानी संकलन गर्ने, प्रशोधन गर्ने तथा जारमा खानेपानी भर्ने कार्य उल्लेखनीय त्रूटि नपाइएको यद्धपि अझै सावधानी अपनाउनुपर्ने र आगामी दिनमा खानेपानी संकलन, प्रशोधन तथा प्याकेजिङ कार्य गर्दा जनस्वास्थ्यको संवेदनशिलतालाई ख्याल गर्दै सावधानी अपनाउन नगर पालिकाले सचेत गराएको छ।

अनुगमनमा प्रमुख प्रशासकीय अधिकृत शशि राई, राजश्व शाखा प्रमुख ताराप्रसाद ढकाल, स्वास्थ्य शाखाका अधिकृत एकराज खत्री, नगर प्रहरी इन्चार्ज बलबहादुर गौतमको उपस्थिति रहेको थियो।

# लायन्स मनकामना दुहवीमा नयाँ कार्य सहित चयन

चन्दन रौनियार

सुनसरी। लायन्स इन्टर नेशनल अन्तर्गत रहेका लायन्स, लियो क्लबहरुको संयुक्त पदस्थापन कार्यक्रम सम्पन्न भएको छ।

सुनसरी इटहरी स्थितरहेको दुर्गापाटी प्यालेसमा भएको कार्यक्रममा भारती श्रेष्ठ अध्यक्षतामा लायन्स क्लब अफ इटहरी मनकामना लगायतको नँया कार्य समितीको पदस्थापन गरिएको हो।

नयाँ कार्य समितिको प्रथम उपाध्यक्षमा सिनेट रिजाल, सचिवमा विजया प्याकुरेल, कोषाध्यक्षमा भिम बहादुर श्रेष्ठ, सदस्यहरुमा तेजस्वी रिजाल, पृथ्विया थापा, रनिस घिमिरे, धिरज साह, सन्तोष पुरी, विदुर आचार्य रहेका छन।

त्यसैगरी नयाँ सदस्यहरुमा रचना श्रेष्ठ, भीमप्रसाद पाण्डे, सुशिला आचार्य, प्रतिमा थापा, भूवन पराजुली, निश्चल श्रेष्ठ चयन भएका छन।

लियो क्लब अफ इटहरी मनकामनाकी अध्यक्ष प्रतिभा अधिकारी, प्रथम उपाध्यक्ष मनिसा खड्का, द्धितय उपाध्यक्ष शान्ती दाहाल, सचिवमा कृतिका उप्रेती, कोषाध्यक्षमा सृष्टी दाहाल र स्वर्णिमा अधिकारी चयन भएका छन।

सदस्यहरुमा करण प्याकुरेल, रोजी श्रेष्ठ, रचित श्रेष्ठ,मनिसा ढकाल,ईशा दाहाल,प्रशंसा अधिकारी,अंस श्रेष्ठ रहेका छन्। नयाँ कार्यसमिति लाई कार्यकका प्रमुख अतिथी लायन्स डिष्ट्रिक्ट ३२५ सीका गर्भनर विकास अधिकारीले पदस्थापन गराइ सपथ गराएका थिए।

लायन्स क्लब इटहरी सिटिजन्सका अध्यक्ष टंक फुयलको अध्यक्षतामा भएको उदघाटन कार्यक्रममा लायन्स क्लब अफ इटहरी सुनसरीका अध्यक्ष तेज बहादुर पुरी , एरिया चारका चिफ कोडिनेटर थानेस्वर ढकाल, लायन्स क्लब अफ इटहरी मनकामनाकी सस्थापक अध्यक्ष सुमी थापा, इटहरी ४ का समाज सेवी रमेश खती , माया घर नेपालकि अध्यक्ष शुभद्रा प्याकुरेल , ज्योति माविका प्रधानाध्यापक चिरन्जीवि भट्टराई, जनता बहुमुखी क्याम्पसका प्राध्यापक विमल नेपाल,पत्रकार चन्दन रौनियार ,पत्रकार पवन अधिकार ,पत्रकार दिपक कार्की ,विभिन्न संघसंघठनका अध्यक्ष प्रति निधिहरु लगाएको उपस्थीति रहेको थियो।

NO SMOKING